## पोखरा विश्वविद्यालय
## परीक्षा नियन्त्रण कार्यालय

# अठारौं दीक्षान्त समारोहमा भाग लिन Online फारम भर्ने सम्बन्धी जरुरी सूचना

**(प्रकाशित मिति : २०७९/०९/२६)**

मिति २०७९ साल फाल्गुण ०८ गते (February 20, 2023) आयोजना हुन गइरहेको पोखरा विश्वविद्यालयको अठारौं दीक्षान्त समारोहमा भाग लिन स्नातक, स्नातकोत्तर, एम.फिल. तथा विद्यावारिधि तह उत्तीर्ण गरिसकेका विद्यार्थीहरुले परीक्षा नियन्त्रण कार्यालयको Website मार्फत Online फारम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Website मा Online फारम **मिति २०७९/१०/०१ गतेदेखि २०७९/१०/१५** गतेसम्म मात्र उपलब्ध हुनेछ । उक्त अवधिभित्र कुनै पनि समयमा फारम भर्न सकिनेछ ।

**आवेदन फारम भर्ने विधि तथा आवश्यक कागजातहरु :**

१. पोखरा विश्वविद्यालयको **Website https://pouexam.edu.np** मा राखिएको online आवेदन फारम आवेदक स्वयंले भरी online बाट नै आवेदन फारम submit गर्नुपर्नेछ । नेपाली नाम Aalekh Font मा Type गर्नुपर्नेछ ।

२. मिति २०७८ साल फाल्गुण ०८ (February 20, 2022) भन्दा पछि Transcript Issue भएका विद्यार्थीहरुले मात्र यस दीक्षान्त समारोहमा सम्मिलित हुन पाउनेछन् ।

३. दीक्षान्त समारोहमा सम्मिलित हुन विद्यार्थीहरुले मिति २०७९ साल माघ ०७ गते (तदनुसार January 21, 2023), सम्ममा Transcript प्राप्त वा Transcript को लागि आवेदन गरिसकेको हुनुपर्नेछ ।

४. विद्यार्थीले फारम भरेको विवरणको आधारमा Convocation Certificate तयार हुने हुँदा Online फारम भर्दा नेपाली नाम नागरिकता अनुसार र English नाम Transcript अनुसार भर्नुपर्नेछ । विवरण गल्ती भरी Certificate Mistake हुन गएमा स्वंय विद्यार्थीको जिम्मेवारी हुनेछ ।

५. Online फारम भर्दा MRP साईजको फोटो, नागरिकताको प्रमाणपत्र र Transcript scan गरी Upload गर्नुपर्नेछ । Scan गर्दा सबै Document Coloured हुनुपर्नेछ ।

६. Online फारम भरिसकेपछि, आवेदकले फारम भर्दा भरेको e-mail Address मा Token Number प्राप्त हुनेछ र उक्त Token Number प्रयोग गरेर विद्यार्थीले गाउन लिन तथा फिर्ता गर्न आउँदा प्रयोग हुने Slip डाउनलोड गर्न सक्नेछ । विद्यार्थीले दीक्षान्त पोशाक लिन र फिर्ता गर्न आउँदा उक्त Slip अनिवार्य रुपमा ल्याई परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्नेछ ।

७. दीक्षान्त समारोहमा सम्मिलित हुने विद्यार्थीले रु.६,०००।- (दीक्षान्त प्रमाणपत्र शुल्क वापत रु.४,०००/- र दीक्षान्त पोशाक धरौटी वापत रु.२०००।-) अनिवार्य रुपमा P.U. EXAM CONTROL OFFICE को नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंङ्क लिमिटेड, पोखरा शाखाको खाता नं. ०११०५०२००११९३८ वा कामना सेवा विकास बैंङ्क लिमिटेड, लेखनाथ शाखामा रहेको खाता नं. ०१२००३०००२७३१७००००01 मा जम्मा गर्नुपर्नेछ ।

८. बैंकबाट प्राप्त गरेको Transaction ID र बैंक भौचरको scanned copy upload गर्नुपर्नेछ । विद्यार्थीले दीक्षान्त पोशाक लिन आउँदा सक्कल बैंङ्क भौचर अनिवार्य रुपमा ल्याउनुपर्नेछ ।

९. दीक्षान्त पोशाक २०७९ साल फाल्गुण ६ र ७ गतेका दिन बिहान १०:०० बजेदेखि बेलुका ४:३० बजेसम्म वितरण हुनेछ ।

१०. दीक्षान्त पोशाक फिर्ता २०७९ साल फाल्गुण ०९ गते बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीबाट हुनेछ ।

११. दीक्षान्त समारोहका दिनमा दीक्षान्त पोशाक वितरण गर्ने तथा दीक्षान्त पोशाक फिर्ता गर्ने कार्य गरिने छैन ।

१२. दीक्षान्त पोशाक वापतको धरौटी फिर्ताको लागि विद्यार्थीले आफ्नो नामको बैङ्क खाताको विवरण (बैङ्क खाता नम्बर, बैङ्कको नाम र बैङ्कको शाखा) स्पष्ट रुपमा भर्नुपर्नेछ ।

१३. अन्य विस्तृत जानकारीका लागि तथा Online फारम भर्दा केही समस्या आएमा पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीमा प्रत्यक्ष तथा फोन नं. ०६१-५०४०८६, ०६१-५०४१४६ र ०६१-५०४०८७ मा सम्पर्क राख्न सकिनेछ ।

**परीक्षा नियन्त्रण कार्यालय**
**पोखरा विश्वविद्यालय**